Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

| नेपाल भूकम्प २०७२ अपडेट : ४३ औं दिन<br>मिति : ०७२ जेठ २३<br>अन्तिम अपडेट : २२:०० बजे | मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)<br>मृतक : ८,७०२<br>घाइते : २२,२२० |
|---|---|

## विपत्का बेलामा नागरिकसँग राज्यको संवाद आवश्यक

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले नागरिकसँग संवाद नहुँदा राज्य कमजोर भएको बताएका छन् । इन्सेक पोखरा, रिलेक कास्की र शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्कीले जेठ २३ गते पोखरामा आयोजना गरेको भूकम्पले पुऱ्याएको क्षति,राहत र पुनर्निर्माण विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै इन्सेकका अध्यक्ष प्याकुरेलले बढ्दो परनिर्भरता र अर्कालाई निर्देशन दिने गलत संस्कारले मुलुकको विकास हुन नसकेको बताएका हुन् । लोकतन्त्रको प्राण नागरिक संवाद हो, इन्सेक अध्यक्ष प्याकुरेलले भने -राज्यले कहाँ के गरेको छ ? सङ्कटमा कसरी काम गरेको छ भन्ने जस्ता सूचना नागरिक समक्ष पुऱ्याउनु नसक्दा राज्यको कमजोरी महसुस भएको हो । उनले भने राज्यका तर्फबाट भएका हरेक क्रियाकलाप नागरिक समक्ष पुऱ्याई निरन्तर संवादको थालनी गर्नुपर्छ ।

**उल्लेख्य**

- प्राथमिक स्वास्थ्य केन्द्र मन्थली, रामेछापले भूकम्प प्रभावित सुत्केरीलाई स्वास्थ्य संस्थामै आवासको व्यवस्था गरेको छ । केन्द्रले युनिसेफको सहयोगमा भूकम्प प्रभावित सुत्केरीलाई एक हप्तासम्म निःशुल्क खाने, बस्ने र सुत्ने व्यवस्था गरेको हो । स्वास्थ्य केन्द्रका डा. सुरज धौवडेलका अनुसार सुत्केरीको अलवा एक जना कुरुवालाई पनि सँगै बस्ने प्रबन्ध मिलाइएको छ । त्यस्तै बच्चा जन्माउने मिति तोकेका महिलालाई जन्माउने मिति तोकेको दिनदेखिनै स्वास्थ्य संस्थामा नै बस्ने व्यवस्थासमेत मिलाइएको धौवडेलले जानकारी दिए । भूकम्पका कारण वर्थिङ सेन्टर क्षतिग्रस्त भएपछि अहिले सुत्केरी तथा गर्भवती महिलाहरुलाई कार्यालय बाहिरै टेन्टमा राखेर उपचार भइरहेको छ ।
- इन्सेकका संस्थापक अध्यक्ष तथा जवाफदेहिता निगरानी समितिका संयोजक सुशील प्याकुरेलले नुवाकोटका मानवअधिकारकर्मी र सञ्चारकर्मीसँग जेठ २३ गते भूकम्पपछिको नुवाकोट जिल्लाको अवस्थाका बारेमा छलफल गरेका छन् ।
- भूकम्प पीडितलाई सहयोग गर्न आएका दातृ निकायले राहत बाँडेको लामो समय भइसक्दा पनि जिल्ला विपत् व्यवस्थापन समिति, धादिङमा प्रतिवेदन बुझाएका छैनन् । यसरी प्रतिवेदन नबुझाएका दातृ निकायलाई पहिलो चरणको राहत वितरणको प्रतिवेदन बुझाउन ताकेता गरिएको छ । जिल्ला विपत् व्यवस्थापन समितिको तर्फबाट प्रमुख जिल्ला अधिकारीले जेठ २२

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

गते पत्र लेखी कसलाई, के के सामग्री, कति रकमको ? वितरण गरिएको हो तत्काल विवरण बुझाउन भनिएको छ । आड्रा नेपाल, केयर नेपाल, एएआर जापान, एक्टेड, फोकस नेपाल, प्रयास नेपाल, इको नेपाल, शान्ति नेपाल, सेभ द चिल्ड्रेन, एन आर एन, प्राक्टिकल एक्सनलगायतका २५ ओटा संस्थाले आफूले बाँडेको राहतको बारेमा सम्झौता बमोजिम राहत बाँडेको एक हप्तामै प्रतिवेदन बुझाउनु पर्नेमा नबुझाएपछि प्रशासन कार्यालयले ताकेता गरेको हो ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline